सिद्धार्थनगर नगरपालिका

# स्थानिय राजपत्र

खण्ड : १ | संख्या : ७ | मिति : बैशाख १२ गते, २०७५

## भाग – १

सिद्धार्थनगर नगरपालिका

## सिद्धार्थनगर शिक्षा ऐन, २०७४

**प्रस्तावना:**

राष्ट्रिय विकासका लागि आवश्यक दक्ष, योग्य, सीपयुक्त जनशक्ति उत्पादन गर्न तथा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अनुकूल सर्वसाधारण जनताको सदाचार, शिष्टाचार र नैतिकता कायम राख्न सिद्धार्थनगर नगरपालिकामा स्थापना भई सञ्चालन भैरहेका तथा स्थापना हुने विद्यालयहरूको व्यवस्थापनमा सुधार गर्दै आधारभूत तथा माध्यमिक शिक्षा व्यवस्थापन सम्बन्धी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ (२) ज बमोजिमका अधिकारहरू कार्यान्वयन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२६, अनुसूची ८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २०, २१ र १०२ बमोजिम सिद्धार्थनगर नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ ।

१. **सङ्क्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "सिद्धार्थनगर शिक्षा ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन नगरपालिका क्षेत्रभर लागू हुनेछ ।

(३) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा:

(क) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(ख) "प्रारम्भिक बाल शिक्षा केन्द्र" भन्नाले चार वर्ष उमेर पूरा भई पाँच बर्ष उमेर पूरा नगरेका बालबालिकाको लागि खोलिएको प्रारम्भिक बाल शिक्षा केन्द्र, नर्सरी, केजी, मण्टेसरी आदि सम्झनु पर्छ ।

(ग) "प्राथमिक शिक्षा" भन्नाले कक्षा एकदेखि कक्षा पाँचसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(घ) "निम्न माध्यमिक शिक्षा" भन्नाले कक्षा छ देखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(ङ) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौदेखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(च) "नगरपालिका" भन्नाले सिद्धार्थनगर नगरपालिकालाई सम्झनु पर्छ ।

(छ) "कार्यपालिका" भन्नाले सिद्धार्थनगर नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

(ज) "नगर सभा" भन्नाले सिद्धार्थनगर नगरपालिकाको नगरसभालाई सम्झनु पर्छ ।

(झ) "विशेष शिक्षा" भन्नाले दृष्टिविहीन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्तश्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी दिइने शिक्षा सम्झनु पर्छ ।

(ञ) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक दुवै शिक्षा सम्झनु पर्छ ।

(ट) "प्राविधिक तथा व्यावसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान सीप तथा विषयवस्तुको सिकाइ गरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्न कक्षा नौदेखि कक्षा बाह्रसम्म अध्यापन गराइने शिक्षालाई सम्झनु पर्छ ।

(ठ) "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकारतथा नगरपालिकाबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

(ड) "संस्थागत विद्यालय" भन्नाले निजी लगानीमा सञ्चालन गर्न अनुमति वा स्वीकृति प्राप्त गरी सञ्चालनमा रहेका विद्यालयलाई सम्झनु पर्छ ।

(ढ) "धार्मिक विद्यालय" भन्नाले गुम्बा, गुरुकुल, आश्रम र मदरसा जस्ता धार्मिक विद्यालयहरूलाई सम्झनु पर्छ ।

(ण) "कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्छ ।

(त) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(थ) "अनुमति" भन्नाले नेपाल सरकार वा नगरपालिकाले स्थायी स्वीकृति प्रदान गरिनसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई सम्झनु पर्छ ।

(द) "स्वीकृति" भन्नाले तोकिए बमोजिमको शर्त पूरा गरेको विद्यालयलाई नेपाल सरकार,नगरपालिकाले दिएको स्थायी स्वीकृतिलाई सम्झनु पर्छ ।

(ध) "आवासीय विद्यालय" भन्नाले नेपाल सरकार वा नगरपालिकाले आवासीय (बसोबासको समेत व्यवस्था भएको) विद्यालयको रूपमा स्वीकृति प्रदान गरिएको विद्यालयलाई सम्झनु पर्छ ।

(न) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।

(प) "तालमि केन्द्र" भन्नाले यस ऐन बमोजिम अनुमति प्राप्त गरी विभिन्न सीपमूलक तालिम प्रदान गर्ने संस्थालाई सम्झनु पर्छ ।

(फ) "पुस्तकालय" भन्नाले नेपाल सरकारबाट अनुमति लिई सञ्चालन भएको विभिन्न पुस्तकहरू सङ्ग्रह गरी अध्ययन गर्न उपयुक्त हुने गरी निर्माण गरिएको संस्था सम्झनु पर्छ ।

(ब) "शैक्षिक परामर्श केन्द्र" भन्नाले शैक्षिक परामर्श (सरसल्लाह) प्रदान गर्ने उद्देश्यले नेपाल सरकारबाट वा नगरपालिकाबाट अनुमति वा स्वीकृत प्राप्त संस्थालाई सम्झनु पर्छ ।

(भ) "सङ्घीय शिक्षा ऐन" भन्नाले सङ्घीय संसद्ले बनाएको शिक्षा ऐन सम्झनुपर्छ ।

(म)"प्रादेशिक शिक्षा ऐन" भन्नाले प्रादेशिक संसद्ले बनाएको शिक्षा ऐन सम्झनुपर्छ ।

(य) "प्रमुख" भन्नाले नगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ ।

(र) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(ल) "शिक्षा अधिकृत" भन्नाले नगरको शिक्षा शाखा/महाशाखा वा शिक्षा एकाइको प्रमुख सम्झनु पर्छ ।

(व) "शिक्षा शाखा" भन्नाले नगरको शिक्षा शाखा/महाशाखा वा शिक्षा एकाइ सम्झनु पर्छ ।

(श) "अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको बाबु, आमा, बाजे, बज्यै वा त्यस्ता अभिभावक नभएमा विद्यालयमा अध्ययनरत बालबालिकालाई संरक्षण गर्ने व्यक्तिहरू मध्येबाट विद्यालयको अभिलेखमा अभिभावक भनी जनिएको व्यक्तिलाई सम्झनु पर्छ ।

(ष) "प्रधानाध्यापक" भन्नाले विद्यालयको प्रमुख प्रशासनिक काम समेत गर्नेगरी तोकिएको शिक्षक सम्झनु पर्छ ।

(स) "प्रबन्धक" भन्नाले संस्थागत विद्यालयको व्यवस्थापक वा सञ्चालकको काम गर्ने गरी तोकिएको व्यक्ति सम्झनु पर्छ ।

(ह) "शिक्षक" भन्नाले विद्यालयमा पठन पाठन गर्ने गराउने गरी तोकिएको अध्यापक सम्झनु पर्छ ।

सिद्धार्थनगर नगरपालिका

(क्ष) "निरीक्षक" भन्नाले विद्यालय निरीक्षण गर्न तोकिएको अधिकृतलाई सम्झनुपर्छ ।

(त्र) "शिक्षा समिति" भन्नाले नगरपालिका क्षेत्रभित्र सञ्चालित विद्यालयहरूको रेखदेख, समन्वय र व्यवस्थापन गर्न गठन गरिएको नगर शिक्षा समितिलाई सम्झनु पर्छ ।

(ज्ञ) "स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा सो मुलुकमा स्थायी रूपमा बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभर्सिटी इमिग्रेन्ट भिसा (डि.भी.), परमानेन्ट रेजिडेन्ट भिसा (पी.आर.) वा ग्रीन कार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रूपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमति समेतलाई जनाउँछ ।

३. **विद्यालय खोल्न तथा कक्षा थप गर्न अनुमति लिनुपर्ने :**

(१) नगरपालिका क्षेत्रभित्र कुनै समुदाय, सामुदायिक वा धार्मिक संस्था वा कुनै नेपाली नागरिकले शैक्षिक गुठी अन्तर्गत संस्थागत विद्यालय खोल्न चाहेमा सम्बन्धित वार्डको सिफारिस सहित तोकिएको विवरण खुलाई प्रमुख प्रशासकीय अधिकृत समक्ष अनुमतिको लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर तोकिएको अधिकारीले जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासीब देखिएमा तोकिएको शर्त बन्देज पालना गर्नेगरी शिक्षा समितिको सिफारिसमा कार्यपालिकाले अनुमति दिनेछ ।

(३) उपदफा (२) बमोजिम अनुमति लिई खोलिएको विद्यालयले तोकिएका शर्त बन्देज पालना गरेको देखिएमा नगर शिक्षा समितिको सिफारिसमा कार्यपालिकाले स्वीकृति प्रदान गर्नेछ ।

(४) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रूपमा सञ्चालनमा रहेका विद्यालयहरूले कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न चाहेमा प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम निवेदन परेमा तोकिएको अधिकारीले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा निवेदन दिने विद्यालयको माग मनासिब देखिएमा शिक्षा समितिको सिफारिसमा कार्यपालिकाको निर्णय बमोजिम तोकिएको अधिकारीले अनुमति तथा स्वीकृति दिनेछ ।

(६) उपदफा (२), (३) वा (५) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायका विद्यालयलाई शैक्षिक गुठीको रूपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइने छैन :

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालय,

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएका विद्यालय,

(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दानदातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय ।

(७) यस ऐन वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहाय बमोजिम गर्नुपर्नेछ :

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक (ट्रष्टी) सङ्गठित संस्थाको रूपमा हुनुपर्ने,

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी भए कम्तीमा पाँचजना र निजीगुठी भए कम्तीमा तीनजना सदस्य हुनुपर्ने,

(ग) शैक्षिक गुठीको आय–व्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु पर्ने,

(घ) शैक्षिक गुठीको तत्काल कायम रहेका ट्रष्टीले आफ्नो जीवनकालमै वा शेषपछि गुठियारको रूपमा कामगर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्ने छ । तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा नगरपालिकाको स्वीकृति लिनु पर्नेछ ।

(८) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा कार्यपालिकाबाट स्वीकृति लिई सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ ।

(९) उपदफा (८) बमोजिम सञ्चालित विद्यालयले पालन गर्नुपर्ने शर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(१०) माथिका उपदफाहरूमा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै विदेशी शिक्षण

संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्ने अनुमति वा स्वीकृति दिइने छैन। तर सङ्घीय सरकारसँग सम्झौता भएमा त्यस्ता विद्यालयहरूलाई नगरपालिकाले अनुमति दिन सक्नेछ । यसरी सञ्चालित विद्यालयहरूको सञ्चालन प्रक्रिया सङ्घीय कानूनले तोके बमोजिम हुनेछ ।

(११) प्राविधिक शिक्षा सञ्चालन गर्न चाहने विद्यालयको अनुमति तथा स्वीकृति सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(१२) यस नगरपालिका क्षेत्रभित्र कुनै समुदाय, सामुदायिक वा धार्मिक संस्था वा कुनै नेपाली नागरिकले संस्थागत विद्यालयको कक्षा थप गर्न चाहेमा सम्बन्धित वार्डको सिफारिस सहित तोकिएको विवरण खुलाई प्रमुख प्रशासकीय अधिकृत समक्ष अनुमतिको लागि निवेदन दिनु पर्नेछ ।

(१३) उपदफा (१२) बमोजिम निवेदन परेमा सो निवेदन उपर तोकिएको अधिकारीले जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा विद्यालयको कक्षा थप गर्न मनासीब देखिएमा तोकिएको शर्त बन्देज पालना गर्नेगरी शिक्षा समितिको निर्णय बमोजिम प्रमुख प्रशाकीय अधिकृतले अनुमति दिनेछ ।

(१४) विद्यालय सञ्चालन तोकिए बमोजम हुनेछ ।

४. **परीक्षा सञ्चालन, व्यवस्थापन र समन्वय :**

(१) नगरपालिका क्षेत्रभित्रका विद्यालयहरूको परीक्षा सञ्चालन र व्यवस्थापन गर्न देहाय बमोजिम परीक्षा समन्वय समिति रहने छ :

| | |
|---|---|
| (क) शिक्षा समितिको अध्यक्ष | अध्यक्ष |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (ग) जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधि | सदस्य |
| (घ) प्रमुख नगर प्रहरी | सदस्य |
| (ङ) नगरपालिका अन्तर्गतका सामुदायिक र संस्थागत विद्यालयका प्रधानाध्यापकहरू मध्येबाट एक एक जना पर्ने गरी नगर प्रमुखले तोकेका दुईजना | सदस्य |

(च) शिक्षा अधिकृत — सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको परीक्षा समन्वय समितिको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

(३) परीक्षा व्यवस्थापन गर्नको लागि तोकिए बमोजिमको परीक्षा व्यवस्थापन समिति रहने छ ।

(४) परीक्षा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

५. **माध्यमिक शिक्षाको प्रकार** : माध्यमिक शिक्षा देहायका प्रकारका हुनेछन् :

(क) साधारण माध्यमिक शिक्षा,

(ख) संस्कृत माध्यमिक शिक्षा,

(ग) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा ।

६. **विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था** : नगरपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षाको सञ्चालन तथा व्यवस्थापन तोकिए बमोजिम गर्नेछ ।

७. **शिक्षाको माध्यम** : (१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अङ्ग्रेजी भाषा वा दुबैभाषा हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम भाषा देहाय बमोजिम हुन सक्नेछ :

(क) प्राथमिक शिक्षा मातृभाषामा दिन सकिनेछ ।

(ख) गैर नेपाली नागरिकले नेपालको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ ।

(ग) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुन सक्नेछ ।

(घ) अनिवार्य अङ्ग्रेजी विषय अध्ययन गराउँदा माध्यम अङ्ग्रेजी भाषामा नै गराउनु पर्नेछ ।

८. **विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तक** : विद्यालयले नेपाल सरकारले तोकेको न्यूनतम मापदण्ड अनुरूप सिकाइ उपलब्धि हासिल हुने गरी अध्ययन अध्यापन गराउनु पर्नेछ । विद्यालयले नेपाल सरकारले तोकेको मापदण्डभित्र रही स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्न सक्नेछ । सो प्रयोजनको लागि नगरपालिकाले स्थानीय पाठ्यक्रम विकास समिति गठन गर्न सक्नेछ ।

९. **नगर शिक्षा समिति** : (१) नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालयको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामको लागि नगर कार्यपालिकाले देहाय बमोजिम नगर शिक्षा समिति गठन गर्नेछ :

| | |
|---|---|
| (क) नगर प्रमुख | अध्यक्ष |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (ग) सामुदायिक विद्यालयका प्रधानाध्यापकहरू मध्येबाट तहगत (आधारभूत र माध्यमिक) प्रतिनिधित्व हुनेगरी कार्यपालिकाबाट मनोनीत दुईजना | सदस्य |
| (घ) धार्मिक विद्यालयबाट प्रतिनिधित्व हुनेगरी कार्यपालिकाबाट मनोनीत एकजना | सदस्य |
| (ङ) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू मध्येबाट कार्यपालिकाबाट मनोनीत एकजना | सदस्य |
| (च) प्याब्सन र एन प्याब्सनका प्रतिनिधिहरू मध्येबाट कार्यपालिकाबाट मनोनीत दुईजना | सदस्य |
| (छ) समाजसेवी वा शिक्षाविदहरू मध्येबाट कार्यपालिकाबाट मनोनीत एकजना महिला पर्नेगरी दुईजना | सदस्य |
| (ज) नगरस्तरका नेपाल शिक्षक महासङ्घका प्रतिनिधि | सदस्य |
| (झ) शिक्षा अधिकृत | सदस्य–सचिव |

(२) विद्यालय रहेको वडाको वडाध्यक्षको उपस्थिति अनिवार्य रहनेछ ।

(३) समितिका पदेन सदस्य बाहेक मनोनीत सदस्यको कार्यकाल तीन वर्षको हुनेछ ।

(४) उपदफा (१) अन्तर्गत मनोनीत सदस्यले आफ्नो पदीय आचरण पूरा नगरेमा कार्यपालिकाले हटाउन वा वर्खास्त गर्न सक्नेछ । तर त्यसरी हटाउन वा वर्खास्त गर्नु अघि स्पष्टीकरणको मौकाबाट बञ्चित गरिने छैन ।

सिद्धार्थनगर नगरपालिका

१०. **नगर शिक्षा समितिको काम, कर्त्तव्य र अधिकार** : नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) शिक्षा शाखावाट पेश भएको शैक्षिक योजना माथि छलफल गरी स्वीकृतिको लागि कार्यपालिकामा पेश गर्ने,

(ख) नगरपालिकामा स्वस्थ शैक्षिक वातावरण कायम राख्न तथा शिक्षाको गुणस्तर बृद्धि गर्न शिक्षा शाखा मार्फत पेश भएको कार्ययोजना माथि छलफल गरी आवश्यक देखिएमा परिमार्जन सहित स्वीकृत गर्ने,

(ग) नेपाल सरकारको स्वीकृत नीति र निर्देशन अनुरूप विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा कार्यक्रम सञ्चालन सम्बन्धी आवश्यक व्यवस्था गर्ने,

(घ) विद्यालयलाई आर्थिक सहायता उपलब्ध गराउने तथा त्यस्तो सहायताको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने,

(ङ) शिक्षक, कर्मचारी तथा विद्यार्थी कल्याणको लागि स्वीकृत शिक्षा योजना बमोजिम आवश्यक कार्यक्रम बनाउने,

(च) विद्यालयको सम्पत्तिको सुरक्षा गर्न तथा विद्यालयको समृद्धिको लागि आवश्यक व्यवस्था गर्ने,

(छ) विद्यालयको विकासको लागि सञ्चालित शैक्षिक कार्यक्रमलाई सहयोग गर्ने,

(ज) विद्यालयको लेखापरीक्षण सम्बन्धमा लेखापरीक्षकले दिएको प्रतिवेदन अनुसार आवश्यक कारबाही गर्ने गराउने,

(झ) विद्यालयलाई आर्थिक रूपमा आत्मनिर्भर गराउन योजना बनाई कार्य गर्ने,

(ञ) विद्यालय बन्द गर्न सिफारिस गर्ने,

(ट) शैक्षिक क्यालेण्डर बनाई विद्यालय सञ्चालन गर्न शिक्षा शाखा मार्फत व्यवस्थापन समितिलाई निर्देशन दिने,

(ठ) नगरस्तरीय खेलकुद, स्काउट तथा साँस्कृतिक कार्यक्रमको सञ्चालन तथा विकासको लागि आर्थिक स्रोत जुटाउने र प्राप्त रकम खर्च गर्न शिक्षा शाखालाई निर्देशन दिने,

(ड) आवासीय विद्यालयका विद्यार्थीका लागि खाना तथा पौष्टिक आहारको गुणस्तर तोक्ने,

(ढ) कार्यपालिका र नगरसभाबाट स्वीकृत शिक्षा योजना र मापदण्ड भित्र रही आवश्यक निर्देशन दिने,

(ण) विद्यालयले कायम गर्नु पर्ने न्यूनतम सरसफाई तथा शौचालयको मापदण्ड तोक्ने,

(त) नगर क्षेत्रभित्र विशेष आवश्यकता भएका वालबालिकाको तथ्याङ्क सङ्कलन गरी उनीहरूका लागि उचित विद्यालय व्यवस्थापन गर्न आधार तयार पार्ने र सोही अनुसारको पठनपाठनको व्यवस्था मिलाउने, .

(थ) विद्यालय सुधार तथा बिकासका लागि नीति निर्देशन गर्ने ।

११. **कार्यपालिकाको काम, कर्तव्य र अधिकार** : कार्यपालिकाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) शैक्षिक योजना तथा कार्यक्रम कार्यान्वयन गर्न शिक्षा समिति, प्रमुख प्रशासकीय अधिकृत तथा शिक्षा अधिकृतलाई आवश्यक निर्देशन दिने,

(ख) शैक्षिक योजना तथा कार्यक्रम कार्यान्वयन गर्न आवश्यकता अनुसार समिति, उपसमिति वा कार्यटोली गठन गर्ने,

(ग) शिक्षक दरवन्दी मिलानका लागि शिक्षक सरुवाको मापदण्ड बनाई गरपालिकाको तहमा एकरूपता रहने गरी शिक्षक विद्यार्थी अनुपात मिलाउने, गुणस्तर कायमगर्ने, आचार संहिता बनाई लागू गर्ने,

(घ) शिक्षक तथा कर्मचारीहरूको प्रशासन, व्यवस्थापन तथा शैक्षिक विकास सम्बन्धी कार्य योजना स्वीकृत गर्ने र कार्यान्वयन गर्न निर्देशन दिने,

(ङ) प्रत्येक छ महिनामा नगरपालिकाभित्रका सबै किसिमका विद्यालयहरूको अनुगमन तथा मूल्याङ्कन गरी गराई अपेक्षित गुणस्तर कायम गर्ने,

(च) विद्यालयमा आर्थिक व्यवस्था पारदर्शी तथा सुनिश्चित गर्न वस्तुगत आधार तथा मापदण्ड बनाई लागू गर्ने गराउने,

(छ) शिक्षालाई व्यावहारिक, उद्यमशील र व्यवसाय उन्मुख बनाउने नीति अवलम्बन गर्ने,

(ज) शिक्षा सम्बन्धी कानून निर्माणको लागि नगरसभामा पेस गर्ने ।

२) उपदफा (१) मा जेसुकै लेखिको भएता पनि संस्थागत विद्यालयको हकमा त्यस्ता विद्यालयले पालना गर्नु पर्ने मापदण्ड, गुणस्तर, शुल्क प्रावधान, विपन्न तथा सीमान्तकृत वर्गका छात्र छात्राहरूका लागि दिइने छात्रबृत्तिको आधार र प्रतिशत, शिक्षक तथा कर्मचारीहरूको सेवा, शर्त एवं पारिश्रमिक जस्ता विषयमा नीति निर्माण गरी कार्यान्वयन गर्ने ।

१२. **प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार** : प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) शिक्षालाई मैलिक हकको रूपमा स्थापित गर्न नगरपालिकाको समग्र शैक्षिक नीति, योजना, कार्यक्रमको कार्यान्वयन एवं अनुगमन गर्ने गराउने,

(ख) कार्यसम्पादन नियमावलीमा प्रमुख प्रशासकीय अधिकृतले गर्ने भनी उल्लेख भएका शिक्षा सम्बन्धी कार्य गर्ने,

(ग) शैक्षिक समन्वयकर्ता तथा सहजकर्ताको भूमिका निर्वाह गर्ने,

(घ) कार्यपालिकाले प्रत्यायोजन गरेका शिक्षा सम्बन्धी कार्य गर्ने ,

(ङ) नगरको उत्कृष्ट शैक्षिक उपलव्धिका लागि शिक्षा अधिकृतलाई आवश्यक सल्लाह र परामर्श दिने,

(च) शिक्षा शाखाको समन्वयमा विद्यालयहरूको लेखा परीक्षणको व्यवस्था मिलाउने,

(छ) शिक्षा सम्बन्धी कुनै प्रस्ताव नगरपालिकामा पेश गर्नु पर्ने भएमा गर्ने ।

१३. **शिक्षा अधिकृतको काम, कर्तव्य र अधिकार** : शिक्षा अधिकृतको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :

(क) नगर कार्यपालिकाबाट स्वीकृत शैक्षिक कार्यक्रम कार्यान्वयन गर्ने गराउने,

(ख) शिक्षा सम्बन्धी कुनै प्रस्ताव नगरपालिकामा पेश गर्नु पर्ने भए प्रमुख प्रशासकीय अधिकृत मार्फत पेश गर्ने,

(ग) शिक्षा सम्बन्धी नगरस्तरीय योजना बनाई कार्यपालिकामा स्वीकृतिको लागि पेश गर्ने र स्वीकृत योजना कार्यान्वयन गर्ने,

(घ) स्वीकृत अनौपचारिक शिक्षा र विशेष शिक्षा कार्यक्रम कार्यान्वयन गर्ने गराउने तथा सो सम्बन्धी अभिलेख तयार गर्ने,

(ङ) विद्यार्थी सङ्ख्या घट्न गई फाजिलमा परेका सामुदायिक विद्यालयका शिक्षकलाई अर्को सामुदायिक विद्यालयमा मिलान गर्न शिक्षा समितिमा सिफारिश गर्ने,

(च) स्वीकृत कार्य योजना अनुसार विद्यालय सञ्चालन भए नभएको सम्बन्धमा नियमित रूपले निरीक्षण र सुपरीवेक्षण गरी गराई त्यसको प्रतिवेदन तयार गर्ने,

(छ) शिक्षाको गुणस्तर बढाउनको लागि शिक्षक, प्रधानाध्यापक तथा व्यवस्थापन समितिका पदाधिकारीहरूको समय समयमा बैठक, गोष्ठी र तालिम सञ्चालन गर्ने,

(ज) आधारभूत तहको अन्त्यमा लिइने परीक्षा सञ्चालन गर्न परीक्षा समन्वय समितिको सदस्य सचिव भई कार्य गर्ने,

(झ) परीक्षा समितिको निर्णय बमोजिम विद्यालयको कक्षा ८ को परीक्षाको अभिलेख, प्रश्नपत्र र उत्तर पुस्तिका परीक्षण सम्बन्धी आवश्यक कार्य गर्ने,

(ञ) नगरपालिका भित्र रहेका संस्थागत विद्यालयहरूको शैक्षिक कार्य योजनाको समन्वय र अनुगमन गरी सुधारका लागि सुझाव दिने,

(ट) ऐन तथा नियम बमोजिम विद्यालयहरू सञ्चालन भए नभएको जाँचबुझ गर्ने तथा विद्यालयमा शिक्षाको गुणस्तर बढाउन, सुधार गर्न वा विद्यालय बन्द गर्नु पर्ने नपर्ने सम्बन्धमा निरीक्षण गरी विद्यालयको स्तर बढाउने, सुधार गर्ने वा विद्यालय बन्द गर्ने सम्बन्धी कारबाही प्रक्रिया अगाडि बढाउने,

(ठ) सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको सेवा विवरण तथा अन्य अभिलेख अद्यावधिक गर्ने,

(ड) शिक्षक वा कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गरी त्यसको विवरण आयोगमा पठाउने,

(ढ) विद्यालय र प्रारम्भिक बाल शिक्षा केन्द्रको निरीक्षण गर्ने गराउने,

(ण) मन्त्रालयले तोकिदिए बमोजिम सामुदायिक तथा संस्थागत विद्यालयहरूको समूह विभाजन गरी स्रोत केन्द्र निर्धारण गर्ने र स्रोत केन्द्रबाट विद्यालयको निरीक्षण, शिक्षकको तालिम तथा अन्य शैक्षिक क्रियाकलाप गर्ने,

(त) माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा र आधारभूत तहको अन्त्यमा हुने परीक्षालाई नियमित र मर्यादित ढङ्गबाट सञ्चालन गर्ने गराउने,

(थ) सामुदायिक विद्यालयका लागि वितरण गरिएको दरबन्दी शैक्षिक सत्रको सुरुमा मिलान गर्न शिक्षा समितिमा सिफारिस गर्ने,

(द) निरीक्षक तथा स्रोतव्यक्तिलाई विद्यालय निरीक्षणको सूचक बनाई निरीक्षण गर्न पठाउने र निरीक्षक तथा स्रोतव्यक्तिले विद्यालय निरीक्षण गरे नगरेको यकिन गर्न स्थलगत निरीक्षण गर्ने,

(ध) नगरपालिकाबाट विद्यालयलाई निकासा भएको रकम सदुपयोग भए नभएको अनुगमन गर्ने,

(न) विद्यालयले स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक लागु गरे नगरेको सम्बन्धमा निरीक्षण गर्ने गराउने,

(प) विद्यालयमा लागू गरिएको पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामग्री सम्बन्धमा सुधार गर्नुपर्ने र नि:शुल्क पाठ्यपुस्तकको वितरण प्रणालीलाई प्रभावकारी बनाउने विषयमा व्यवस्थापन समिति तथा शिक्षकको राय लिई सुझाव पठाउने तथा सो सम्बन्धमा अन्य आवश्यक कार्य गर्ने गराउने,

(फ) लेखा परीक्षकबाट प्राप्त प्रतिवेदनको आधारमा देखिएका अनियमितता र वेरुजु फर्छ्यौट गर्न लगाउने,

(ब) सरकारी तथा गैरसरकारी शैक्षिक परियोजनाहरूको निरीक्षण तथा समन्वय गर्ने,

(भ) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीको तलबी प्रतिवेदन पारित गराउने,

(म) विद्यालयको वार्षिक शैक्षिक कार्यक्रमको नियमित रूपमा अनुगमन गरी सो अनुसार गर्ने गराउने,

(य) विद्यालय निरीक्षक र स्रोत व्यक्तिले दिएको निरीक्षण प्रतिवेदन उपरकारबाही गर्ने,

(र) विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ गठन गर्ने गराउने,

(ल) सामुदायिक विद्यालयको स्वीकृत, रिक्त दरवन्दीमा पदपूर्तिको लागि आयोगमा लेखी पठाउने,

(व) सिद्धार्थनगरको शिक्षाको अवस्था, प्रगति आदि समेटिएको शिक्षा सम्बन्धी स्थितिपत्र तयार गरी प्रत्येक वर्षको चैत्र मसान्त भित्र प्रकाशित गर्ने ।

१४. **शिक्षा अनुगमन समिति :**

(१) शिक्षा अनुगमन समितिको गठन तोकिए बमोजिम हुनेछ ।

(२) शिक्षा अनुगमन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१५. **सामुदायिक सिकाइ केन्द्र सञ्चालन :** नगरपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाइ समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ ।

१६. **अध्यापन अनुमतिपत्र :** सामुदायिक विद्यालयले स्थानीय स्रोतबाट तलब भत्ता खानेगरी शिक्षक छनौट गर्दा समेत सम्बन्धित तहको शैक्षिक योग्यता, तालिम र अध्यापन अनुमतिपत्र अनिवार्य हुनुपर्नेछ ।

१७. **अनुदानको व्यवस्था :** (१) यो ऐन प्रारम्भ हुँदाका बखत दिइँदै आएको अनुदान रकम तोकिए बमोजिम नगरपालिकाले सामुदायिक तथा धार्मिक विद्यालयलाई अनुदान दिनेछ ।

(२) नगरपालिकाले सामुदायिक वा धार्मिक विद्यालयहरूलाई तोकिए बमोजिम थप अनुदान उपलब्ध गराउन सक्नेछ ।

१८. **छात्रवृत्तिको व्यवस्था :** नगरपालिकाले सामुदायिक विद्यालयमा भर्ना हुने विद्यार्थीलाईतोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।

१९. **प्रारम्भिक बाल विकास केन्द्रलाई अनुदान :** नगरपालिकाले प्रारम्भिक बाल विकास केन्द्रलाई तोकिए बमोजिमको अनुदान रकम दिन सक्नेछ ।

२०. **प्रारम्भिक बाल शिक्षासम्बन्धी व्यवस्था :** प्रारम्भिक बाल शिक्षाको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२१. **विद्यालय व्यवस्थापन समिति :** (१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहाय बमोजिम विद्यालय व्यवस्थापन समिति रहनेछ :-

(क) विद्यालय व्यवस्थापन समितिका सदस्यहरूले आफूहरूमध्येवाट छानेको एक जना पदाधिकारी – अध्यक्ष

(ख) अभिभावकले आफूहरूमध्येबाट छानी पठाएका दुईजना महिला सहित चारजना – सदस्य

(ग) विद्यालय रहेको सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा समितिका सदस्यहरू मध्येबाट सो वडा समितिले मनोनयन गरेको एकजना – सदस्य

(घ) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजीवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर दश वर्षदेखि सहयोग गर्ने वा विद्यालयलाई दश लाख वा सोभन्दा बढी नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरूमध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनीत गरेको एकजना महिला सहित दुईजना – सदस्य

(ङ) विद्यालयका शिक्षकहरूले आफूहरूमध्येबाट छानी पठाएको एकजना – सदस्य

(च) विद्यालयको प्रधानाध्यापक सदस्य–सचिव

(२) विद्यालय व्यवस्थापन समितिको बैठकमा बाल क्लवको अध्यक्ष वा प्रतिनिधिलाई आमन्त्रित गर्न सकिनेछ ।

(३) प्राविधिक र व्यावसायिक विषयमा अध्ययन वा तालिम गराइने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा नगरपालिका क्षेत्रभित्रका सम्बन्धित विषय तथा व्यवसायसँग सम्बन्धित नगरस्तरका उद्योग तथा वाणिज्य सङ्घका दुईजना प्रतिनिधि सदस्य रहन सक्नेछन् ।

(४) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा पचास प्रतिशत सदस्यहरू अपाङ्गता भएका व्यक्तिको अभिभावकहरू सदस्य रहनेछन् ।

(५) उपदफा (१) बमोजिम सदस्यहरू मध्येबाट अध्यक्ष छनौट गर्दा सोही उपदफाको खण्ड (खष) र (घ) मा उल्लिखित सदस्यहरू मध्येबाट छनौट गर्नुपर्ने छ ।

(६) व्यवस्थापन समिति गठनसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(७) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा तोकिए बमोजिम विद्यालय व्यवस्थापन समिति रहनेछ ।

(८) धार्मिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा तोकिए बमोजिम विद्यालय व्यवस्थापन समिति रहनेछ ।

(९) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(१०) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(११) विद्यालय व्यवस्थापन समितिको अन्य काम, कर्तव्य, अधिकार र बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**२२. विद्यालय व्यवस्थापन समिति विघटन :**

(१) विद्यालय व्यवस्थापन समितिको विघटन तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न नगरपालिकाले एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ ।

(३) यो ऐन तथा ऐन बमोजिम नियमावली जारी भएपछि विद्यालय व्यवस्थापन समिति गठन नभएका विद्यालयहरूले बढीमा तीन महिनाभित्र यस ऐन बमोजिम विद्यालय व्यवस्थापन समिति गठन गरिसक्नुपर्नेछ । विशेष परिस्थितिमा विद्यालयको अनुरोधमा नगर कार्यपालिकाले एक महिनासम्मको समयावधि थप गर्न सक्नेछ ।

(४) यो ऐन लागु हुँदाका वखत प्रचलित नियम अनुसार गठन भएको समितिले आफ्नो कार्यकाल अवधि रहँदासम्म काम गर्नेछ ।

**२३. विद्यालयको विधान :**

(१) यो ऐन र प्रचलित कानूनको अधीनमारही प्रत्येक संस्थागत विद्यालयले विद्यालयको लक्ष्य, मूल्य मान्यता, सञ्चालन प्रकृया लगायतका अन्य सान्दर्भिक विषयवस्तु समावेश गरिएको विधान अभिभावक भेलाबाट पारित गराई लागू गर्नुपर्नेछ ।

(२) अभिभावक भेलाले विधान आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

(३) विधान अनुसार विद्यालय सञ्चालन गर्नु व्यवस्थापन समिति, प्रधानाध्यापक लगायत अन्य सबैको कर्तव्य हुनेछ ।

(४) अद्यावधिक विधानको प्रतिलिपि पारित भएको मितिबाट १५ दिनभित्र व्यवस्थापन समितिले कार्यपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ ।

(५) विद्यालयको विधान सार्वजनिक दस्तावेज हुनेछ र यो जोसुकैले पनि हेर्न पाउनेछ ।

२४. **नगरपालिका शिक्षा विकास कोष :**

(१) सामुदायिक र धार्मिक विद्यालयको भौतिक पूर्वाधार विकासमा सहयोग पुऱ्याउन र त्यस्ता विद्यालयमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्न नगरस्तरमा एक नगर शिक्षा विकास कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन् :-

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

(ग) नगरपालिकाबाट प्राप्त अनुदान रकम,

(घ) दाताहरूबाट प्राप्त सहयोग रकम,

(ङ) अन्य स्रोतबाट प्राप्त रकम ।

२५. **कोष सञ्चालन** : (१) कोष सञ्चालन समिति देहाय बमोजिम रहनेछ :

| | |
|---|---|
| (क) प्रमुख प्रशासकीय अधिकृत | अध्यक्ष |
| (ख) नगर शिक्षा समितिद्वारा मनोनीत एक जना महिला सहित दुई जना | सदस्य |
| (ग) कार्यापालिकाद्वारा मनोनीत एक जना | सदस्य |
| (घ) शिक्षा अधिकृत | सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमको कोष सञ्चालन समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(३) कोषको खाता सञ्चालन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजम हुनेछ ।

२६. **विद्यालय कोक्ष** : (१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ, जसमा देहाय बमोजिमका स्रोतवाट प्राप्त रकम सो कोषमा दाखिला हुनेछ :

(क) नेपाल सरकार, प्रादेशिक सरकार र नगरपालिकाबाट प्राप्त अनुदान,

(ख) नगरपालिका शिक्षा कोषबाट प्राप्त अनुदान,

(ग) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(घ) दान दातव्यबाट प्राप्त रकम,

(ङ) अन्य स्रोतबाट प्राप्त रकम।

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र लेखापरीक्षण तथा सामाजिक लेखापरीक्षण तोकिए बमोजिम हुनेछ।

२७. **निर्देशन दिन सक्ने** : (१) नगरपालिकाले विद्यालय व्यवस्थापन समितिलाई तोकिएको क्षेत्रसँग सम्बन्धित आवश्यक निर्देशनहरू दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु सम्बन्धित विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ।

२८. **विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्ने** : नगरपालिकाले तोकिए बमोजिम नगर क्षेत्रभित्र नियमानुसार सञ्चालनमा रहेका तीस मिनेटको हिडाइको दूरीभित्र पर्ने कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुईभन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालयको नाम परिवर्तन गर्न वा विद्यालय बन्द गर्न वा तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा विद्यालयमा कक्षा थप गरी सञ्चालन गर्न अनुमति वा स्वीकृति प्रदान गर्न सक्नेछ।

२९. **विद्यालयको सम्पत्ति** :

(१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ। कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति गाभिने खविद्यालयको नाममा स्वतः स्थानान्तरण हुनेछ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको

नाममा रहने छ। कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रूपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरूप परिवर्तन गर्न पाइनेछैन।

(३) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ।

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा सङ्घ संस्थासँग दान दातव्यको रूपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नगरपालिको अनुमति लिनु पर्नेछ। तर विदेशी व्यक्ति वासङ्घ संस्थाबाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नेपाल सरकारको पूर्व स्वीकृति लिनुपर्नेछ।

(५) नेपाल सरकारको वा नगरपालिकाको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति नेपाल सरकार वा नगरपालिकाको स्वीकृति बेगर बेचबिखन गर्न पाइने छैन।

३०. **विद्यालयलाई छुट र सुविधा** : (१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि सामुदायिक तथा धार्मिक विद्यालय र सार्वजनिक शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नगरपालिकाले तोकिएको आधारमा रजिष्ट्रेशन दस्तुर छुट दिन सक्नेछ।

(३) सामुदायिक तथा धार्मिक विद्यालय र सार्वजनिक शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिए बमोजिम हुनेछ।

३१. **अनुमति वा स्वीकृति रद्द गर्ने** : कुनै संस्थागत विद्यालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कुनै काम गरेमा तोकिएको अधिकारीले त्यस्तो विद्यालय लाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्नेछ। तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन।

३२. **विद्यालयको वर्गीकरण** : विद्यालयलाई तोकिएको आधारमा वर्गीकरण गरिनेछ।

३३. **विद्यालयलाई सुरक्षित क्षेत्रको रूपमा कायम गर्नु पर्ने** :

(१) विद्यालयमा स्वतन्त्र र भयरहित रूपमा अध्ययन, अध्यापन गर्ने वातावरण सृजना गर्न तथा विद्यालयभित्र कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गरिनेछ ।

(२) उपदफा (१) वमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नु पर्ने शर्त तथा मापदण्ड तोकिए वमोजिम हुनेछन् ।

३४. **शुल्कसम्बन्धी व्यवस्था :** (१) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै अभिभावकले आफ्नो इच्छाले दिएको दान, उपहार वा सहयोग सामुदायिक विद्यालयले लिन सक्ने छ ।

(३) सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नको लागि नगरपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ ।

(४) उपदफा (१) बमोजिम निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ ।

(५) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिइसकेपछि पुनःसोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(६) विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(७) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क तोकिएको अधिकारीबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ । त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिँदा तोकिएको अधिकारीले विद्यालयले उपलब्ध गराएको सुविधाको आधारमा दिनेछ ।

(८) यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई कार्यपालिकाले तोकिए बमोजिम जरिवाना गर्न सक्नेछ ।

३५. **शिक्षक विद्यार्थीको अनुपात मिलाउनु पर्ने :** नगरपालिकाले प्रत्येक विद्यालयमा अध्ययनरत विद्यार्थी सङ्ख्या र विषयका आधारमा तोकिए बमोजिम शिक्षक विद्यार्थी अनुपात कायम गर्नेछ ।

३६. **शिक्षक कर्मचारीलाई अन्य काममा लगाउने :** (१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षण वा विद्यालय प्रशासन सम्बन्धी काममा बाहेक अन्य काममा लगाइने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, दैवी प्रकोप उद्धार वा नेपाल सरकार र नगरपालिकाले तोकेको अन्य कुनै काममा खटाउन वा अनुमति दिन सकिनेछ ।

(३) कार्यालय समयदेखि बाहेकको अतिरिक्त समयमा विद्यालयको पठनपाठनमा असर नपर्ने गरी विद्यालय व्यवस्थापन समिति र नगरपालिकाको अनुमति लिई अन्य शिक्षण संस्थामा शिक्षण गर्न बाधा पुगेको मानिने छैन ।

३७. **शिक्षकको नियुक्ति र सरूवा :**

(१) विद्यालयमा रिक्त तथा राहत शिक्षक दरवन्दीमा अस्थायी तथा करार नियुक्तिको व्यवस्था तोकिए वमोजिम हुनेछ । स्थायी शिक्षकको नियुक्ति तथा पदस्थापना सङ्घीय शिक्षक सेवा आयोग तथा प्रादेशिक शिक्षक सेवा आयोगले तोके बमोजिम हुनेछ ।

(२) दरबन्दी र राहत शिक्षकले नगर क्षेत्रभित्र सरूवा हुनचाहेमा सम्बन्धित विद्यालयको व्यवस्थापन समितिको सहमति र अनुमति सहित नगर कार्यपालिकामा निबेदन दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएमा विद्यालयको पठन पाठनमा असर नपर्ने देखिएमा विद्यार्थी सङ्ख्या र विषयगत आवश्यकताका आधारमा नगर शिक्षा समितिले सरूवा गर्न सक्नेछ ।

(४) यो ऐन जारी भएपछि विद्यालयमा रिक्त रहेको दरबन्दीमा शिक्षा अधिकृतको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले अस्थायी करार/राहत शिक्षक तथा कर्मचारीको विज्ञापनको अनुमति दिन सक्नेछ ।

३८. **दरवन्दी मिलान** : सामुदायिक विद्यालयमा तोकिएको मापदण्डको आधारमा बढी दरवन्दी भएको विद्यालयबाट कम दरबन्दी भएको विद्यालयमा तोकिएको अधिकारीले तोकिएको प्रकृया पूरा गरी दरबन्दी मिलान गर्न सक्नेछन् ।

३९. **संस्थागत विद्यालयको छात्रवृत्ति** :

(१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी सङ्ख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम आर्थिक रूपमा विपन्न, अपाङ्ग, महिला, दलित वा जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्न प्रत्येक विद्यालयमा विद्यालयको प्रधानाध्यापक, नगर शिक्षा अधिकृत वा निजको प्रतिनिधि र विद्यालय व्यवस्थापन समितिमा रहेका अभिभावकको प्रतिनिधि रहेको एक छात्रवृत्ति छनौट समिति रहनेछ ।

(३) समितिले छनौटको लागि आधार, शर्त र प्रकृया तयार गरी सो विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराई सार्वजनिक समेत गर्नु पर्नेछ ।

(४) समितिले छात्रवृत्तिको लागि छनौटको नतिजा आधार सहित सार्वजनिक सूचना गर्नुपर्नेछ ।

४०. **तलब भत्ता र सेवा गणना** : नियमानुसार विदा स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेका शिक्षकले अनुपस्थित अवधिको तलब, भत्ता पाउने छैनन् र त्यस्तो अवधि निजको सेवामा समेत गणना हुनेछैन ।

४१. **प्रधानाध्यापक तथा कर्मचारी सम्बन्धी व्यवस्था** :

(१) सामुदायिक विद्यालयमा एक प्रधानाध्यापक र नगरपालिकाले स्वीकृत गरे बमोजिमको सङ्ख्यामा कर्मचारीको दरबन्दी रहनेछ ।

(२) उपदफा (१) बमोजिमका प्रधानाध्यापक तथा कर्मचारी नियुक्ति र सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) यो ऐन प्रारम्भ हुँदाका बखत प्रधानाध्यापक तथा विद्यालय कर्मचारीको सुविधा सम्बन्धमा भएको व्यवस्था यथावत रहने छ ।

**४२. बालबालिकालाई निष्काशन गर्न, शारीरिक वा मानसिक दुर्व्यवहार गर्ननहुने :**

(१) कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्काशन गर्न पाईने छैन ।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा निजमाथि कुनै किसिमको दुर्व्यवहार गर्न पाइने छैन ।

**४३. शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्स सञ्चालन :**

(१) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिई कोचिङ, टयूसन कक्षा, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, कोचिङ, टयूसन कक्षा, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षावा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति लिने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४४. प्रगति विवरण बुझाउनु पर्ने :** सबै किसिमका विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमको प्रगति विवरण कार्यपालिकाको कार्यालयमा बुझाउनु पर्नेछ ।

**४५. स्थायी आवासीय अनुमति लिन नहुने :** सामुदायिक विद्यालयमा कार्यरत स्थायी शिक्षक वा कर्मचारीले कुनै पनि देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिन हुँदैन । स्थायी आवासीय अनुमति लिएका तथा लिन आवेदन दिने शिक्षक वा कर्मचारीलाई दिइने दण्ड तथा सजाय तोकिए बमोजिम हुनेछ ।

**४६. शिक्षकको पेशागत महासङ्घ, शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्था :**

(१) सामुदायिक विद्यालयका शिक्षकहरूको पेशागत हक हितको सम्बन्धमा कार्य गर्न नगर क्षेत्रभित्र तोकिए बमोजिम एक शिक्षक महासङ्घ रहनेछ ।

(२) देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई विद्यालय व्यवस्थापन समितिले कारवाही गर्नुपर्ने भएमा नगरपालिकामा सिफारिस गर्नेछ :–

(क) तोकिए बमोजिमका पदीय दायित्व पूरा नगरेमा,

(ख) विना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएमा,

(ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा अन्य कुनै व्यावसायिक क्रियाकलाप गरेमा,

(च) शिक्षक वा कर्मचारी राजनीतिक दलको सदस्य रहेको पाइएमा,

(३) उपदफा (२) वमोजिम कुनै शिक्षक वा कर्मचारीलाई कारबाही गर्नुपर्ने यथेष्ट प्रमाण प्राप्त भएमा कार्यपालिकाले निजलाई तोकिए बमोजिम कारवाही गर्नेछ । तर कारवाही गर्नु अघि मनासिव माफिकको स्पष्टीकरणको मौकाबाट बञ्चित गरिने छैन ।

४७. **दण्ड सजाय :**

(१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई तोकिए बमोजिम सजाय हुनेछ ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई तोकिए बमोजिम सजाय हुनेछ :

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरूको तर्फबाट परीक्षा दिएमा,

(च) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा,

(छ) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, कोचिङ, टयूसन कक्षा, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा।

(३) कसैले यस ऐन वा यस ऐन अन्तर्गत बनेका नियमको उल्लङ्घन गरेमा प्रचलित कानून बमोजिम दण्ड सजाय गर्न बाधा पुगेको मानिने छैन।

४८. **पुनरावेदन** : कार्यपालिकाले गरेको सजायको आदेश उपर कानुन वमोजिम पुनरावेदन लाग्नेछ।

४९. **नियम बनाउने अधिकार** : (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

(२) यस ऐनमा उल्लेख गरिए बाहेक सङ्घीय तथा प्रदेश सरकारले स्थानीय तहले सम्पादन गर्ने भनी प्रत्यायोजित शिक्षा सम्बन्धी अधिकारहरूको कार्यान्वयन कार्यपालिकाबाट तोकिए बमोजिम हुनेछ।

५०. **कार्यपालिकाले आवश्यक कार्य गर्न सक्ने** : यस ऐनले तोकिए वमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावलीमा व्यवस्था नभएसम्म नगर कार्यपालिकाले व्यवस्था गरे बमोजिम हुनेछ।

५१. **सबैको कर्तव्य हुने** : यस ऐन वा यस ऐन अन्तर्गत बनेका नियमहरूको पालना गर्नु नगरपालिका अन्तर्गतका सबै विद्यालयहरूको कर्तव्य हुनेछ।

५२. **संशोधन वा खारेज** : यस ऐनमा उल्लिखित दफामा संशोधन वा खारेज गर्नुपर्ने भएमा कार्यपालिकाको सिफारिसमा नगर सभाले संशोधन वा खारेज गर्न सक्नेछ।

५३. **बाधा अडकाउ फुकाउने अधिकार** : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा–अड्काउ परेमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ।

५४. **बचाउ र लागू नहुने** : (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिना–मिना गरेको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कारवाही चलाउन बाधा पर्नेछैन।

(३) यस ऐनको कुनै व्यबस्था नेपालको संविधानसंग बाझिएको अवस्थामा बाझिएको हदसम्म स्वतःनिस्कृय हुनेछ ।

(४) यो ऐन प्रारम्भ हुनुअघि कानुन बमोजिम नियुक्त शिक्षक कर्मचारीहरूलाई खनेपाल सरकारबाट दिइँदै आएको सुविधामा कुनै किसिमको कटौती गरिने छैन । तर यो व्यवस्थाले कानुन वमोजिम दण्ड, सजाय र कारवाही गर्न वाधा पर्ने छैन ।

(५) यो ऐन प्रारम्भ हुनुअघि भए गरेका कार्य यसै ऐन बमोजिम भए गरेको मानिने छ ।

आज्ञाले,

ख्याम बहादुर थापा

प्रमुख प्रशासकीय अधिकृत

सिद्धार्थनगर नगरपालिका